केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०२/०८३/८४ मिति : २०८३/०६/२७

**इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंक,**

महाशय,

हालै भोटेकोशी तथा बुढीगण्डकी नदीमा आएको बाढीबाट परेको असरका सम्वन्धमा विस्तृत विश्लेषण तथा अध्ययन हुँदै गरेको अवस्थालाई मध्यनजर गरी यस बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ को निर्देशन नं. २ मा बुँदा नं. १० थप गरी देहायबमोजिमको व्यवस्था संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

*१०. भोटेकोशी तथा बुढीगण्डकीको बाढीग्रस्त क्षेत्रमा प्रत्यक्ष असर परेका उद्यम, परियोजना वा व्यवसाय, रसुवा भन्सार नाकाबाट हुने कच्चा पदार्थ, अर्ध-तयारी तथा तयारी मालबस्तुको आयात वा निर्यातमा आधारित व्यवसायको हकमा बिक्री तथा आम्दानी, नगद प्रवाह, जगेडामा रहेको रकम लगायतका ऋणीको वित्तीय अवस्था, आयात एवं निर्यातमा परेको असर र कर्जा सदुपयोगिताको यथार्थपरक विश्लेषण गरी किस्ता भुक्तानी गर्न कठिनाई भएका ऋणीको २०८३ असोज मसान्तमा किस्ता (साँवा र/वा ब्याज) भुक्तानी गर्ने समयावधि पूर्वाधार विकास बैंकले २०८३ पुस मसान्तसम्म थप गर्न सक्नेछन् ।*

भवदीय,

२०८३/०६/२६

(रामु पौडेल)
कार्यकारी निर्देशक